# विद्यालय तहमा नागरिक शिक्षाको लागि गरिएका प्रयासहरू

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह द्वितीय वर्ष

पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक

आवश्यकता पूरा गर्नको लागि प्रस्तुत

शोध प्रतिवेदन


प्रस्तुतकर्ता :

रेवती ज्ञवाली

परीक्षा रोल नं. :– २८००९५/०६६

त्रि.वि. दर्ता  नं.:– १२७४८–९३



त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमाडौं


२०६९


विद्यालय तहमा नागरिक शिक्षाको लागि गरिएका प्रयासहरू


पा.मू. ३८१


रेवती ज्ञवाली

२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि शोधार्थी रेवती ज्ञवालीले **विद्यालय तहमा नागरिक शिक्षाका लागि गरिएका प्रयासहरू** शीर्षकको प्रस्तुत शोध प्रतिवेदन मेरो सुपरिवेक्षणमा रही तयार गर्नु भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

उपप्राध्यापक शिवराज बढू

(शोध निर्देशक)

मिति : २०६९/०४/ २३

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र रेवती ज्ञवालीले **विद्यालयतहमा नागरिक शिक्षाका लागि गरिएका प्रयासहरू** शोधशीर्षकमा शोध प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिको लागि सिफारिससाथ यस मूल्याङ्कन समितिमा पेस गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृत गरिएको छ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयम्प्रकाश ज.व.रा.<br>(विभागीय प्रमुख) | ............................ |
| उप.प्रा. शिवराज वढू<br>(शोध निर्देशक) | ............................ |
| श्री बालकृष्ण अधिकारी<br>शिक्षण सहायक<br>(बाह्य परीक्षक) | ............................... |

मिति : २०६९/०५/०१

**कृतज्ञता ज्ञापन**

प्रस्तुत "विद्यालय तहमा नागरिक शिक्षाका लागि गरिएका प्रयासहरू" शीर्षकको शोधपत्रको प्रतिवेदन लेखनकार्यदेखि तयार पार्दासम्म आफ्नो अमूल्य समय प्रदान गरी महत्वपूर्ण आवश्यक निर्देशन, सल्लाह, सुझाव एवम् प्रेरणा प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका मेरा आदरणीय गुरु एवम् शोध निर्देशक उपप्रा. शिवराज बढूज्यूप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । शोधपत्रसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, आवश्यक सल्लाह, सुझाव दिई अनुसन्धान कार्यमा प्रोत्साहन गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा. स्वयम्प्रकाश ज.व.रा., उपप्रा. यशोधरा पन्त, उपप्रा. विश्ववाला थापा र उपप्रा. किरणराम रञ्जितकारज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोध अध्ययनका क्रममा अध्ययन क्षेत्रमा आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने गुल्मी जिल्ला जुभुङ्ग गा.वि.स.का श्री सूर्योदय मा.वि. र श्री काब्रेपोखरी मा.वि.का प्रधनाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, विद्यालय निरीक्षक, स्रोतव्यक्तिप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । शैक्षिक कार्यमा सधै अगाडि बढ्न प्रेरणा र सल्लाह दिनुहुने शिक्षाशास्त्र केन्द्रीय विभागका पूर्व प्रमुख प्रा.डा. श्री दामोदर ज्ञवालीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस कार्यलाई सफल बनाउन अन्तस्करणदेखि प्रेरणा प्रदान गर्नुहुने आदरणीय दाजु तथा शहीद स्मारक कलेजका सहायक क्याम्पस प्रमुख श्री सञ्जय ज्ञवाली र सम्पूर्ण परिवारप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रलाई समयमै कम्प्युटर टाइप एवम् सेटिङ्ग गरी सहयोग पुऱ्याउने भाइ गोविन्द भण्डारी र शेखर गौतमलाई समेत धन्यवाद दिन चाहन्छु ।

मिति : २०६९/०४/२०

शोधार्थी

रेवती ज्ञवाली

## शोधसार

नागरिक शिक्षाले नागरिकका अधिकारहरू र कर्तव्यहरूप्रति सुसुचित, प्रतिबद्ध र समालोचना गर्नसक्ने नागरिकहरू तयार गर्नका लागि प्रदान गरिने शिक्षालाई बुझाउँछ । विद्यार्थीहरूले नागरिकका अधिकार र कर्तव्यबारे जानकारी प्राप्त गर्नु जरुरी छ । समाजका मूल्य, मान्यता, समाजका विशेषता र राज्यका प्राथमिकताअनुसार नागरिक शिक्षाका क्षेत्रहरू निर्धारण गरिएका हुन्छन् । यस अध्ययनका उद्देश्यहरू नागरिक शिक्षासँग सम्बन्धित निर्धारित प्रावधानहरू पहिचान गर्नु, नागरिक शिक्षासँग सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरू क्षेत्रगत रूपमा अध्ययन गर्नु, विद्यालयले नागरिक शिक्षाका लागि गरेका कार्यहरू पहिचान गर्नु रहेका छन् । यो अनुसन्धान गुल्मी जिल्लाको जुभुङ्ग गा.वि.स.मा रहेका श्री सूर्योदय माध्यमिक विद्यालय र श्री काब्रेपोखरी माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यालय निरीक्षक र स्रोत व्यक्ति एवम् विशेषज्ञलाई सूचनादाताको रूपमा समावेश गरिएको थियो । यस अध्ययनमा स्थलगत सर्वेक्षण गर्न खुल्ला अन्तरवार्ता प्रश्नावली र लक्षित समूह छलफलजस्ता औजारहरू प्रयोग गरियो ।

नागरिक शिक्षासँग सम्बन्धित उद्देश्यहरू अध्ययन गर्दा राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र विषयगत उद्देश्यहरू तय गरिएको पाइन्छ । शिक्षाका राष्ट्रिय उद्देश्यहरूमा नागरिक शिक्षासँग सम्बन्धित सामाजिक मूल्य र मान्यतालाई सम्बर्द्धन गर्दै सामाजिक एकतालाई सुदृढ पार्ने उद्देश्य समावेश गरिएको पाइन्छ । यसै सन्दर्भमा निम्न माध्यमिक तहको तहगत उद्देश्य अन्तरगत राष्ट्रियता र प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वावलम्बी एवम् चरित्रवान नागरिक तयार गर्ने कुरा समावेश गरिएको छ । त्यसैगरी माध्यमिक तहको तहगत उद्देश्यमा राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्य र मान्यतासँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्ने उद्देश्य राखिएको छ ।

माध्यमिक तहमा नागरिक शिक्षा प्रदान गर्नको लागि कक्षा ९ र १० मा नागरिकशास्त्र विषयलाई ऐच्छिक विषयको रूपमा समावेश गरिएको पाइन्छ । तर विद्यालयमा भने अध्ययन अध्यापन नभएको पाइन्छ । कक्षा ६, ७ र ८ मा नागरिक शिक्षालाई नागरिक तथा नैतिक शिक्षा विषयको रूपमा समावेश गराई पठनपाठन भएको पाईन्छ । कक्षा ९ र १० मा सामाजिक अध्ययन विषय अनिवार्य विषयको रूपमा रहेको र त्यसमा नागरिक शिक्षासँग सम्बन्धित हामी, हाम्रो समुदाय र राष्ट्र, हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना जस्ता विषयवस्तुहरू समावेश भएकोले विद्यार्थीहरूलाई नागरिक शिक्षासम्बन्धी ज्ञान, सीप र धारणाको पर्याप्त जानकारी भएको पाइन्छ, तर नागरिकशास्त्र र सामाजिक अध्ययन विषयका केही विषयवस्तुहरू दोहोरिएकोले एकीकृत पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

यसरी निष्कर्षमा नागरिक शिक्षा प्रदान गर्ने विषयमा बनेका ऐन नियमप्रति सरोकारवाला पक्षहरूलाई जनचेतना जगाउन विभिन्न गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू स्रोतकेन्द्र स्तरमा संचालन गर्नुपर्ने देखिन्छ । विद्यालयले नागरिक शिक्षाको लागि अतिरिक्त क्रियाकलापहरूमा जोड दिनुपर्ने देखिन्छ । यसका लागि वादविवाद, वक्तृत्वकला, हाजिरीजवाफ, कविता लेखन, निबन्ध लेखन, साँस्कृतिक कार्यक्रम जस्ता क्रियाकलाप संचालन गर्न सकिने देखिन्छ । यसका अतिरिक्त
शिक्षक र विद्यार्थीका आचारसंहिताको निर्माण, विद्यार्थीहरूलाई पोशाकको व्यवस्था, जातीय भेदभावको अन्त्य, गरिब जेहन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको व्यवस्था गरी अनुशासन र बालमैत्री वातावरणको सृजना गर्नु पर्ने देखिन्छ ।

# विषय सूची


पृष्ठ

सिफारिस पत्र i
स्वीकृति पत्र ii
कृतज्ञता ज्ञापन iii
शोधसार iv

**अध्याय एक : परिचय**

१.१ पृष्ठभूमि १
१.१.१ अध्ययन क्षेत्रको परिचय ३
१.२ समस्याको कथन ४
१.३ अध्ययनको औचित्य ४
१.४ अध्ययनको उद्देश्य ५
१.५ अध्ययनको सीमाङ्कन ५
१.६ सम्बन्धित शब्दावलीको परिभाषा ५

**अध्याय दुई : पूर्व साहित्यको समीक्षा**

२.१ सैद्धान्तिक साहित्य ७
२.२ विषयगत साहित्य १०
२.२.१ अन्तर्राष्ट्रिय सन्दर्भमा नागरिक शिक्षा १०
२.२.२ नेपाली सन्दर्भमा नागरिक शिक्षा ११
२.३ अध्ययनको अवधारणात्मक रूपरेखा १३

**अध्याय तीन : अनुसन्धान विधि**

३.१ अनुसन्धान ढाँचा १४
३.२ अध्ययन क्षेत्रको छनोट १४
३.३ नमुना छनोट १५
३.३.१ प्रधानाध्यापकको छनोट १५
३.३.२ शिक्षकको छनोट १५
३.३.३ विद्यार्थीको छनोट १५
३.३.४ विद्यालय व्यवस्थापन समितिको छनोट १५
३.३.५ विद्यालय निरीक्षकको छनोट १६
३.४ अध्ययनका औजारहरूको निर्माण १६
३.४.१ दस्तावेज अध्ययन १६
३.४.२ प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली १६
३.४.३ शिक्षकहरूका लागि प्रश्नावली १६
३.४.४ विद्यार्थीहरूका लागि प्रश्नावली १६
३.४.५ विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका १७

३.४.६ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफलका लागि निर्देशिका १७
३.४.७ विद्यालय निरीक्षकका लागि अन्तर्वार्ता फाराम १७
३.५ साधनहरूको वैधता निर्धारण १७
३.६ सूचना संकलन प्रक्रिया १७
३.७ सूचना विश्लेषण प्रक्रिया १८
३.८ सूचनाहरूको वैधता निर्धारण १८
३.९ नैतिकताको मापदण्ड १८


**अध्याय चार : सूचनाको व्याख्या र विश्लेषण**


४.१ नागरिक शिक्षा सम्बन्धी मूल्य मान्यताहरू १९
४.१.१ विद्यालयमा नागरिक शिक्षाका लागि जोड दिइएका पक्षहरू १९
४.१.२ शिक्षक र विद्यार्थीका लागि निर्माण गरिएका आचारसंहिता २०
४.१.३ नागरिक शिक्षाका लागि जोड दिनुपर्ने कुराहरू २१
४.१.४ सुधार गर्नुपर्ने नीतिहरू २१
४.२ पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुका क्षेत्र २२
४.२.१ पाठ्यक्रममा समाविष्ट विषयवस्तुप्रति सरोकारवालाहरूको प्रतिक्रिया २४
४.३ नागरिक शिक्षाका लागि विद्यालयमा गरिएका कार्यहरू २५
४.३.१ विद्यालयमा गरिएका कार्यहरूप्रति सरोकारवालाहरूको प्रतिक्रिया २६


**अध्याय पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**


५.१ प्राप्तिहरू २७
५.२ निष्कर्ष २८
५.३ सुझावहरू २९

**सन्दर्भ सूची** **३१**

अनुसूची १ : अध्ययनका औजारहरू ३३
अनुसूची २ : शिक्षकका लागि प्रश्नावली ३४
अनुसूची ३ : विद्यार्थीको लागि प्रश्नावली ३५
अनुसूची ४ : विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका ३६
अनुसूची ५ : विद्यालय व्यवस्थापन समितिका लागि लक्षित समूह छलफल निर्देशिका ३७
अनुसूची ६ : स्रोत व्यक्ति/विद्यालय निरीक्षकका लागि अन्तर्वार्ता फाराम ३८
अनुसूची ७ : उत्तरदाताहरुको विवरण ३९
अनुसूची ८ : अध्ययनको छनोटमा परेका विद्यालय ४०
अनुसूची ९ : नेपालमा निम्नमाध्यामिक र माध्यामिक विद्यालय तहको पाठ्यक्रमको ढाँचा ४२
अनुसूची १० : विद्यालयका पत्र ४६